नेपाल सरकार
# गृह मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च. नं.:-

## विज्ञप्ति

राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने महानुभावहरुलाई सम्वत् २०७६ असोज ३ गते संविधान दिवसको अवसरमा घोषणा भई २०७७ बैशाख १ मा वितरणको लागि तयार गरिएका विभूषणमा अंकित नेपालको नक्सा सम्बन्धमा केही सञ्चार माध्यममा आएको समाचार प्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । घोषणा, तयारी र वितरणको प्रस्तावित समयमा रहेको नेपालको आधिकारिक नक्सा नै उल्लिखित विभूषणहरुमा अंकित भएको छ ।कोभिड-१९ को कारणबाट २०७७ बैशाख १ मा वितरण हुनसम्भव नभएकोले हाल सुशोभन भएको हो । नेपालको वर्तमान राजनीतिक तथा प्रशासनिक नक्सा लागु भएपछि घोषणा भएको विभूषणमा सोही बमोजिमको नयाँ नक्सा अंकित भएको र यसको सुशोभन आगामी २०७८ बैशाख १ मा गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ ।

मिति २०७७/१२/२८

............१२।२८
चक्र वहादुर बुढा
सहसचिव/प्रवक्ता